# जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान  सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक

**प्रस्तावना**ः प्रदेशमा सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सम्बन्धी उच्चस्तरीय अध्ययन, अनुसन्धान  र आवश्यक जनशक्ति तयार गर्न जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान  स्थापना र सञ्चालन गर्नको लागि कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "उपकुलपति"  भन्नाले दफा १२ को उपदफा (१) बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ ।

(ख) "कुलपति" भन्नाले दफा १० बमोजिमको कुलपति सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठित संचालक परिषद् सम्झनु पर्छ।

(ङ) "शिक्षाध्यक्ष र रजिष्ट्रार"  भन्नाले दफा १३ बमोजिम नियुक्त शिक्षाध्यक्ष र रजिष्ट्रार सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिमको  सञ्चालक समिति सम्झनु पर्छ।

(छ) "सहकुलपति" भन्नाले दफा ११ बमोजिमको सहकुलपति सम्झनु पर्छ ।

(ज) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिमम जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ ।

## परिच्छेद–२

## प्रतिष्ठानको स्थापना, उद्देश्य तथा काम कर्तव्य अधिकार

३. **प्रतिष्ठानको स्थापना:**(१) प्रदेशलाई स्वास्थ्य क्षेत्रमा क्रमशः आत्मनिर्भर बनाउदै लैजान, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्य सम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको प्रबर्द्धन गर्न तथा आवश्यक जनशक्ति तयार गर्न जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको कार्यालय प्रदेशको राजधानीमा रहनेछ ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारबाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको सबै काम कारवाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र जनकपुर स्वास्थ्य विज्ञान प्रतिष्ठानउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आधुनिक चिकित्साशास्त्र र स्वास्थ्य क्षेत्रमा स्नातक तह, स्नातकोतर, विद्यावारिधी लगायतको स्वास्थ्य सम्बन्धी विभिन्न विषयहरुमा अध्ययन, अध्यापन, तथा अनुसन्धान गर्ने गराउने,

(ख) प्रतिष्ठानद्वारा सञ्चालित कार्यको स्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, अस्पताल वा शैक्षिक संस्थाहरुसँग समन्वय, सहयोग गर्ने,

(ग) स्वास्थ्य सम्बन्धी स्वदेशी तथा विदेशी विश्वबिद्यालय, प्रतिष्ठान र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासित सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(घ) स्वास्थ्य क्षेत्रमा योग्य जनशक्ति तयार गर्नको लागि स्वास्थ्य सम्बन्धी शिक्षण, प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने,

(ङ) प्रतिष्ठानको उद्देश्य पूरा गर्नको लागि स्वास्थ्य सम्बन्धी विषयहरुमा गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने, गराउने तथा स्वास्थ्य सम्बन्धी विभिन्न प्रकाशन गर्ने, गराउने,

(च) प्रतिष्ठानको सञ्चालन तथा यसको उद्देश्य अनुरुप स्वास्थ्य सम्बन्धी कार्यको लागि स्वदेशी तथा विदेशी व्यक्ति र राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायबाट प्राविधिक तथा वस्तुगत सहयोग प्राप्त गरी परिचालन गर्ने,

(छ) स्वास्थ्य सेवाको उपयोगिता र उपादेयता बारे जनमानसमा जागरुकता अभिवृद्धि गर्ने, गराउने,

(ज) स्वास्थ्य सम्बन्धी नीति एवं स्वास्थ्य क्षेत्रको विकासमा सम्बन्धित निकायमा राय सुझाव परामर्श दिने,

(झ) प्रतिष्ठानले दिने शिक्षा र तालिमको व्यवस्था गर्ने, परीक्षा लिने र प्रमाणपत्र तथा उपाधि प्रदान गर्ने,

(ञ) शिक्षा प्रदान गर्ने कार्यक्रमको लागि पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने,

(ट) आफ्नो अस्पताल बनाउने

(ठ) प्रदेशमा रहेका अन्य अस्पतालहरुसँग सम्बन्ध कायम गरी अध्ययन, अध्यापन, अनुसन्धान र स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने गराउने,

(ड) छात्रवृति, पदक र पुरस्कारहरु प्रदान गर्ने,

(ढ) प्रतिष्ठानमा कार्यरत पदाधिकारी, शिक्षक एवं कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

(ण) प्रतिष्ठानको बिभिन्न पदमा तोकिए बमोजिम नियुक्ति गर्ने,

(त) शैक्षिक र अन्य सेवा शुल्कहरु तोक्ने र प्राप्त गर्ने,

(थ) अक्षयकोष खडा गरी तोकिए बमोजिम सञ्चालन गर्ने,

(द) प्रतिष्ठानको उद्देश्य पूर्ति गर्न अन्य आवश्यक कामहरु गर्ने, गराउने।

## परिच्छेद–३

## संचालक परिषद र संचालक समिति

६. संचालक परिषद्को गठनः (१) देहाय बमोजिम संचालक परिषदको गठन हुनेछः–

| | | |
|---|---|---|
| (क) | सहकुलपति | -अध्यक्ष |
| (ख) | उपाध्यक्ष, प्रदेश निति तथा योजना आयोग | -सदस्य |
| (ग) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) | प्रमुख, सम्बन्धित स्थानीय तह | -सदस्य |
| (च) | शिक्षाध्यक्ष | -सदस्य |
| (छ) | रजिष्ट्रार | -सदस्य |

(ज) अस्पताल निर्देशक -सदस्य

(झ) स्वास्थ्य वैज्ञानिकमध्येबाट सहकुलपतिले मनोनित गरेका बढीमा तीन जना -सदस्य

(ञ) प्रतिष्ठानका शिक्षकहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिबाट मनोनीत दुई जना -सदस्य

(ट) प्रतिष्ठित विद्वान, समाजसेवी, उद्योगपति तथा व्यापारी मध्येबाट सह उपकुलपतिको सिफारिसमा सहकुलपतिबाट मनोनीत बढीमा दुई जना -सदस्य

(ठ) उपकुलपति -सदस्य–सचिव

(२) मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

७. <u>संचालक परिषद्को बैठक र निर्णयः</u> (१) संचालक परिषद्को बैठक कम्तीमा वर्षको एक पटक वस्नेछ ।

(२) संचालक परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) संचालक परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत वा सो भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बहुमतको निर्णय बैठकको निर्णय हुनेछ र बैठकमा बहुमत कायम हुन नसकेमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।

(५) बैठकको अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) बैठकको निर्णय परिषद्को सदस्य-सचिब बाट प्रमाणित गरिनेछ ।

८. <u>संचालक परिषद्को काम, कर्तव्य र अधिकारः</u> (१) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रतिष्ठानबाट संचालन गरिने कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने।

(ख) प्रतिष्ठानको आवश्यक नियम बनाउने ।

(ग) प्रतिष्ठानको योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्याङ्कन गर्ने र वार्षिक बजेट स्वीकृत गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

(२) प्रतिष्ठानले यस ऐन बमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार समिति र उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

९. <u>संचालक समितिको गठनः</u> (१) प्रतिष्ठानको संचालक समिति देहाय बमोजिमको हुनेछः–

| | | |
|---|---|---|
| (क) | उपकुलपति | -अध्यक्ष |
| (ख) | शिक्षाध्यक्ष | -सदस्य |
| (ग) | अस्पताल निर्देशक | -सदस्य |
| (घ) | प्रतिष्ठानका विभागिय प्रमुखहरु मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिबाट मनोनीत गरेको दुई जना | -सदस्य |
| (ङ) | प्रतिनिधि, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (च) | रजिष्ट्रार | -सदस्य- सचिव |

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(३) संचालक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## <u>पदाधिकारी, शिक्षक तथा कर्मचारी</u>

१०. <u>कुलपतिः</u> (१) मुख्यमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) दीक्षान्त समारोहमा कुलपतिले अध्यक्षता गर्नेछन्।

११. <u>सहकुलपतिः</u> प्रदेश सरकारको सामाजिक विकास मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

१२. <u>उपकुलपतिको नियुक्तिः</u> (१) चिकित्साशास्त्रका प्राध्यापकहरु मध्येबाट सहकुलपतिको सिफारिसममा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ ।

(२) उपकुलपति प्रतिष्ठानको पूरा समय काम गर्ने कार्यकारी प्रमुख हुनेछ ।

(३) उपकुलपतिको पदावधि पांच वर्षको हुनेछ र निजको पदावधि पुनः थप हुन सक्नेछ ।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) उपकुलपतिको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. <u>शिक्षाध्यक्ष र रजिष्ट्रार नियुक्तिः</u> (१) उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्ष र रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) शिक्षाध्यक्ष र रजिष्ट्रारको पदावधि पाँच वर्षको हुनेछ ।

(३) शिक्षाध्यक्ष र रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) शिक्षाध्यक्ष र रजिष्ट्रारको पारिश्रमिक सेवा शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. <u>पदबाट हटाउन सकिनेः</u> (१) प्रतिष्ठानको उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारले आफ्नो पद अनुसारको दायित्व पूरा गरेको नदेखिएमा सहकुलपतिले एक छानबिन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी आफ्नो प्रतिवेदन सहकुलपति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमा उपकुलपतिले आफ्नो पद अनुसारको दायित्व पूरा गरेको छैन भनी देखिएमा सहकुलपतिको सिफारिसमा प्रदेश सरकारले निजलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनमा शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पद अनुसारको दायित्व पूरा गरेको छैन भनी देखिएमा सहकुलपतिले निजलाई पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम गठित छानबिन समितिले उपदफा (२) बमोजिम छानबिन गर्दा निजलाई आफ्नो सफाईको मौका दिनु पर्नेछ ।

१५. <u>प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको नियुक्ति, सेवा शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्थाः</u> प्रतिष्ठानको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, सेवाको शर्त तथा पारिश्रमिक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५

## <u>प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण</u>

१६. <u>प्रतिष्ठानको कोषः</u> (१) प्रतिष्ठानको एक छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति, संस्था वा सरकारबाट प्राप्त चन्दा, सहायता, अनुदान वा ऋण रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) प्रतिष्ठानको कोषको रकम कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) कोष र खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

१७. <u>लेखा र लेखा परीक्षणः</u> (१) प्रतिष्ठानको आय–व्ययको लेखा तोकिए बमोजिम राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद–६

## <u>विविध</u>

१८. <u>बैठक भत्ता तथा अन्य सुविधाः</u> समितिका सद्स्यहरुले समितिको बैठकमा भाग लिएवापत प्रचलित कानुन बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन ।

१९. <u>प्रतिष्ठानबाट प्रदान गरिने प्रमाणपत्रहरुः</u> प्रतिष्ठानले यस ऐन अन्तर्गत स्वास्थ्य सम्बन्धी प्रमाणपत्र र उपाधि प्रदान गर्न सक्नेछ ।

२०. <u>वार्षिक प्रतिवेदनः</u> प्रतिष्ठानको वार्षिक प्रतिवेदन उपकुलपतिले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नेछ ।

२१. <u>अधिकार प्रत्यायोजनः</u> प्रतिष्ठानले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार परिषदको कुनै समिति वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. <u>स्वास्थ्य र शिक्षा नीति अनुरुप कार्य गर्नेः</u> प्रतिष्ठानले नेपाल सरकार र प्रदेश सरकारको स्वास्थ्य र शिक्षा नीति अनुरुप कार्य संचालन गर्ने ।

२३. <u>प्रदेश सरकारले आवश्यक निर्देशन दिन सक्नेः</u> प्रदेश सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२४. <u>**सम्पर्क मन्त्रालयः**</u> प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. <u>**नियम बनाउने अधिकारः**</u> यो ऐन कार्यान्वयन गर्न परिषदले आवश्यक नियम बनाउन सक्नेछ ।